# जेनजी आन्दोलनका घाइतेको स्वास्थ्यस्थिति बुझ्न शिक्षामन्त्री पुन पुगे अस्पताल

## उपचारमा कुनै कमी हुन नदिने प्रतिबद्धता



■ सौर्य समाचार

काठमाडौँ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले शनिबार ट्रमा सेन्टर पुगेर जेनजी आन्दोलनका क्रममा घाइते भएकाहरूको स्वास्थ्यस्थिति र उपचारको अवस्थाबारे जानकारी लिएका छन् । गत २३ र २४ मा जेनजी समूहको आह्वानमा भएको आन्दोलनमा घाइते भएकाहरू विभिन्न अस्पतालमा उपचाररत छन् ।

सो अवसरमा मन्त्री पुनले सरकारले घाइतेहरूको निःशुल्क उपचार गर्ने गरेको निर्णय कार्यान्वयनमा आएको जानकारी दिए । साथै उनले उपचारमा कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरेको मन्त्री पुनको निजी सचिवालयले जनाएको छ । घाइतेहरूले आफ्नो स्वास्थ्यभन्दा पनि आफ्ना मागहरू पूरा हुने-नहुनेमा चिन्ता व्यक्त गरेको मन्त्री पुनले बताए ।

मन्त्री पुनसँग घाइतेहरूले आफ्ना माग र मुद्दा नै जेनजी आन्दोलनको माग-मुद्दा भएको बताएका थिए । 'हामी देशका लागि लडेका हौँ । हामीले देशका लागि रगत बगाएका हौँ । हाम्रो माग पूरा हुनुपर्छ भन्ने किसिमको छ,' घाइतेहरूको भनाइ उद्धृत गर्दै मन्त्री पुनले भने, 'स्वास्थ्य उपचार राम्रो भएको छ । ठिकै छ । शरीरको चिन्ताभन्दा पनि माग पूरा हुन्छ कि हुँदैन, भविष्यमा के हुन्छ भन्ने छ ।'

### घाइतेलाई परिचयपत्र वितरणदेखि 'जेनजी क्लिनिक' सञ्चालनसम्म

यसैबीच, सरकारले जेनजी आन्दोलनका घाइतेहरूलाई परिचयपत्र वितरण गर्ने भएको छ । घाइतेहरूको पहिचान र उपचारमा सहजीकरण गर्न आजदेखि परिचयपत्र वितरण गरिने गृह मन्त्रालयले जनाएको छ । यस्तै, सरकारले जेनजी प्रदर्शनका क्रममा घाइते भएका व्यक्तिको उपचारका लागि काठमाडौँ र उपत्यकाबाहिर 'जेनजी क्लिनिक' सञ्चालन गर्ने भएको छ । प्रदर्शनका क्रममा घाइते भएका व्यक्तिको पहिचान एवम् सहज र प्रभावकारी उपचारका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत अस्पताल तोकी क्लिनिक सञ्चालन गर्न लागिएको गृह मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले घाइते भएका व्यक्तिलाई तोकिएका अस्पतालमा सहजीकरण गर्न गृह र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सम्पर्क व्यक्ति तोक्नेछ । घाइतेको वर्गीकरण गर्न उपचारमा संलग्न अस्पतालको विषयविज्ञ चिकित्सकको संयोजकत्वमा कार्यदल गठन गरी सम्बन्धित अस्पतालमार्फत कार्य प्रारम्भ गरिने मन्त्रालयद्वारा शनिबार जारी विज्ञप्तिमा उल्लेख छ ।

### सहिद परिवार र घाइतेलाई एमआरआरको आर्थिक सहयोग

जेनजी प्रदर्शनका क्रममा सहिद भएका झापाको अर्जुनधारा निवासी दिनेश राजवंशीको परिवारलाई एमआरआर (मेन्स रुम रिलोडेड) टिमले ५० हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ । जेनजी प्रदर्शनका क्रममा सहिद भएका राजवंशीको परिवारलाई ५० हजार रुपैयाँ सहयोगसहित प्रदर्शनमा घाइते भएका अन्य ९ जनालाई एमआरआरले आर्थिक सहयोग गरेको हो ।

प्रदर्शनका क्रममा घाइते भएकामध्ये ८ जनाको परिवारलाई उपचार खर्चस्वरूप ३० हजारका दरले सहयोग तथा १ जना घाइतेलाई २० हजार रुपैयाँ प्रदान गरिएको एमआरआर झापाका कार्यक्रम संयोजक शरद जोशीले जानकारी दिए । एमआरआर टिम कोरियाका सुजन उप्रेतीको संयोजनमा बनेको उल्लेख गर्दै जोशीले त्यहाँ रहने नेपालीद्वारा संकलित रकम सहिद तथा घाइतेको परिवारलाई प्रदान गरिएको बताए । उनका अनुसार एमआरआर टिम कोरियाले झापाका सहिद तथा घाइते परिवारलाई ३ लाख २० हजार रुपैयाँ वितरण गरेको छ ।

बिर्तामोड-५ का सुनिल तामाङलाई आर्थिक सहयोग गर्दै एमआरआर कोरियाले पहिलो चरणको कार्यक्रम सम्पन्न गरिएको उप्रेतीले जनाए । दसैँलगत्तै दोस्रो चरणको कार्यक्रम सञ्चालन गर्ने उनले जानकारी दिए । सहिद राजवंशीलाई ५० हजार, गोली लागेर घाइते भएका सुमित शाहलाई २० हजार सहयोग गरिएको छ भने अन्य सबै घाइतेको उपचारका लागि जनही ३० हजार रुपैयाँका दरले आर्थिक सहयोग गरिएको एमआरआरले जनाएको छ ।

# जेनजी सहिदका रगतको नजरअन्दाज नगर्न सरकारलाई राप्रपाको चेतावनी




■ सौर्य समाचार

काठमाडौँ । राजसंस्था पक्षधर दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले जेनजी सहिदका रगतको नजरअन्दाज नगर्न सरकारलाई चेतावनी दिएको छ । शनिबार काठमाडौँको माइतीघर मण्डलामा भेला भई राप्रपाका नेता-कार्यकताहरूले यस्तो चेतावनी दिएका हुन् ।

भ्रष्टाचार र बेथितिविरुद्ध विरोधमा उत्रिएका उनीहरूले 'भ्रष्टाचार गर्नु आमाको रगत खानुसरह हो' लेखेको कालो टिसर्ट लगाएका थिए । साथै, प्रदर्शनकारीले भ्रष्टाचारीलाई कारबाही, प्रदेश खारेजी, राजसंस्था र हिन्दुराष्ट्र स्थापना, संविधानको पुनःलेखन, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री हुनुपर्नेलगायत माग राखेका थिए ।

विरोध प्रदर्शनका क्रममा कुरा गर्दै राप्रपाकी नेतृ खुस्बु ओलीले राजनीतिक दलका नेताहरूले पुनः टाउको उठाउने प्रयास गर्नु जेन जी आन्दोलनलाई दबाउनु रहेको बताइन् । 'अन्तरिम सरकारलाई जेनजी क्रान्तिको भावनाविपरीत नजान र सहिदको रगतको नजरअन्दाज नगर्न चेतावनी दिन चाहन्छु,' उनले भनिन् । जेनजी आन्दोलनमा मृत्युवरण गरेका परिवार र देशको परिवर्तनको लागि लडेका युवाहरूको साथमा राप्रपा रहेको ओलीले बताइन् ।

---

## Kaligandaki Rural Municipality

**Birgha, Syangja**

## Invitation for Online Bids

**First Date of publication: 28th September 2025 (12th Asoj 2082)**

1.Kaligandaki Rural Municipality,Syangja invites electronic bids from eligible bidders for following works:

| S. N. | Contract No. | Name of contract | Bid Security Amount (validity period) | Estimated cost (with VAT and PS) | Bid document fee | Bid submission Date and time |
|---|---|---|---|---|---|---|
| 1 | KLGD/W/NCB /RTM/04/082/83 | Upgrading of Rudrabeni Thatibhangjyang Ratighat Rural Road and Italy Chowk to Mirmee Road | 1,08,000 (120 days) | 4,301,714.94 | 3000 | Last submission: 2025-10-28 (Kartik 11,2082) 12:00 hrs Bid Opening : 2024-10-28 13:00 Hrs |

2. Eligible bidders may obtain further info and inspect the bidding document at the office of Kaligandaki Rural Municipality or may Visit PPMO website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

---

## Kepilasgadhi Rural Municipality

## Office of Rural Municipal Executive

**Baksila, Khotang**

**Website: kepilasgadhimun.gov.np**

## Invitation For E-Bids

**Date of publication: 2082/06/12 (28th Sept, 2025)**

Kepilasgadhi Rural Municipality , Office of Rural Municipal Executive, Baksila, Khotang , Nepal invites open competetive Bidding (Electronic Bids Only) from eligible and qualified bidders for the following work under NCB procedures. For More Detail, Eligible and interested bidders may visit and download the bid documents from e-GP system. PPMO's website: http/www.bolpatra.gov.np/egp.

| Contract Id | Description of Works | Last Date Of Bid Submission | Estimated Amount With Vat (Nrs) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 01/KRM/NCB/WORKS /2082/083 | Construction of Ward Office Buildings, Ward No 6 and 7. | 31st Oct, 2025 12:00 P.M. | 1,83,50,947.33 | 5,50,000 Nrs | 3,000.00 |

***Chief Administrative Officer***
***Kepilasgadhi Rural Municipality***

---

Government of Nepal

**Ministry of Physical Infrastructure and Transport**

**Department of Roads**

**Federal Road Supervision and Monitoring Office Kathmandu**

## Road Division Bhaktapur

## Invitation for Bids

**Notice No.:- DROBKT/05/082/083**

**Date of Publication: 2082/06/12(2025/09/28)**

1. Road Division Office ,Bhaktapur Katunje invites open competitive biddings from Eligible Bidders for the construction of following works underNational Competitive Bidding Procedures.

| S. N. | Contract Number | Description and location of work | Estimate Amount in NRs. (Exclusive of VAT and Contingencies) | Time For Completion From date of work order | Bid Security Amount (NRs.) | Bid Validity Period /Bid Security Validity Period | Price of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SRCTIP-DOR-WPM-RDBKT-NCB-40 | Periodic maintenance of a) Bakhundol (ARM)-Bogatigaun (Ktm University Road, ( F07301, km from 0-2) length 2 km ,b ) Lokanthali (ARM)-Dharmeshwar-Tikathali-Manohara (KVRR) (F09002.km from 3.35-5). length1.65km , c) Barkhe Khola -Dhulikhel ( NH13-006, kmfrom138.2-149),length10.8km,d) Lankuri Bhanjyang-Dapcha Chhatrebangh ( NH15-002, Km 30.28- 39.78), length 9.5 km to tal length 23.95km Bhaktapur and Kavre | N/A | 7 months from date of agreement | 4.9 million | 120days/ 150days | 10,000.00 | Sealed Tender (Single Stage Double Envelope) |

2. Date of Purchasing, Pre-bid meeting, Submission & Opening of Bids:-

| Pre-bid meeting | Last Date of Submission of Bids | Date of Opening of Bids | Employer's Bank Account for Purchasing of Bid Document | Employer's Bank Account to Deposit Cash For the Bid Security |
|---|---|---|---|---|
| NA | Before 2082-07-12 (2025-10-29) At 12:00 hours. | On 2082-07-12 (2025-10-29) At 13:00 hours. | Nepal Bank Limited, Kamal binayak, Bhaktapur Name of Office 204 Road Division Bhaktapur Office Code no. : 337013301 Office Account no.:00101000000001001001 Rajaswa (revenue) Shirshak no.:14229 | Account Name: Ko.Le.Ni.Ka.,Bhaktapur, Bank Name:Nepal Bank Limited,Bank Address: Kamalbinayak, Bhaktapur, (officecode no.:337013301) Account Number: 01901000002003000001 |

3. Eligible Bidders are advised to visit PPMO's website www.bolpatra.gov.np/egp, for further details or contact to Road Division Bhaktapur Katunje.
4. A complete Set of Bidding Document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp, and must be submitted through electronically only.
5. If the Last date of Purchasing and / or submission falls on government holiday, the next working day shall be consider as the last date. Matters not covered by this notice shall be in according with Public Procurement Act, 2063 and Public Procurement regulations 2064, and other prevailing Rules and Regulations.

**Division Chief**